आज मिति २०७७ साल भाद्र १७ गते बुधबारका दिन जिल्ला प्रशासन कार्यालय सिरहाका प्रमुख जिल्ला अधिकारी श्री प्रदीपराज कणेलको अध्यक्षतामा **जिल्ला विपद व्यवस्थापन समिति** र COVID-19 नियन्त्रण तथा रोकथामको लागि गठीत जिल्लास्तरिय Crisis Management Center को बैठक बसी देहायका एजेण्डामा छलफल गरी तपसिल बमोजिम निर्णयहरु गरियो ।

**उपस्थिति:**

| | | |
|---|---|---|
| क. प्रमुख जिल्ला अधिकारी श्री प्रदीपराज कणेल, | जिल्ला प्रशासन कार्यालय | संयोजक |
| ख. प्रमुख सेनानी श्री जितेन्द्र कुमार गौंली | श्री शेर गण, चोहर्वा | |
| ग. प्रहरी उपरिक्षक श्री उमाशंकर पँजियार | जिल्ला प्रहरी कार्यालय | |
| घ. सशस्त्र प्रहरी उपरिक्षक श्री दिपेन्द्र गिरी | सशस्त्र प्रहरी बल नेपाल नम्बर ७ गण, हे.क्वा. | |
| ङ. उप. अनु. निर्देशक श्री रमेशचन्द्र यादव | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | |
| च. सहायक प्रमुख जिल्ला अधिकारी श्री अनुज भण्डारी, | जिल्ला प्रशासन कार्यालय | |
| ज. नि.जिल्ला समन्वय अधिकारी श्री शिवेन्द्र मण्डल, | जिल्ला समन्वय समिति | |
| झ. मे.सु. डा. नागेन्द्र प्रसाद यादव | सिराहा अस्पताल | |
| ञ. प्रमुख, श्री कृष्णदेव यादव, | स्वास्थ्य कार्यालय, सिराहा | |
| ट. सभापति श्री राजदेव यादव, | नेपाल रेडक्रस सोसाइटी, जिल्ला समिति, सिराहा | |
| ठ. अध्यक्ष श्री प्रमोद पोद्दार | उद्योग वाणिज्य संघ, सिराहा | |
| ड. उपाध्यक्ष श्री संतोष कुमार अग्रवाल | सगरमाथा औषधि व्यवसायी संघ | |
| ढ. प्रतिनिधि श्री देवकुमार यादव | पत्रकार महासंघ, जिल्ला कार्यसमिति | |
| ण. अध्यक्ष श्री अशोक अमात्य | लहान उद्योग वाणिज्य संघ | |

**विशेष उपस्थिती(सल्लाहकार) :**

| | |
|---|---|
| समन्वय प्रमुख श्री रामचन्द्र ठाकुर | जिल्ला समन्वय समिति, सिराहा । |
| नगर प्रमुख श्री अशेश्वर प्रसाद यादव | सिरहा नगरपालिका । |

**निर्णयहरु :**

१. कोभिड १९ को संक्रमणलाई नियन्त्रण तथा रोकथाम सम्बन्धी विद्यमान व्यवस्थापनबारे बैठकमा छलफल भयो । यसमा जिल्लास्तरिय CCMCबाट मिति २०७७०५।१०, २०७७०५।१२ र २०७७०५।१५मा भएको निर्णयको प्रभावकारी कार्यान्वयन एवंम् ततसम्बन्धी दैनिक नियमित प्रतिवेदन गर्न सबै १७ वटै स्थानीय तहहरुलाई समेत पुनः अनुरोध गरी अनुगमन गर्ने गराउने ।

२. कोभिड १९ को रोकथाम तथा नियन्त्रण कार्यमा फ्रन्टलाईनमा खटिइएका सम्पुर्ण स्वास्थ्यकर्मीहरुको प्रभावकारी सुरक्षा व्यवस्था कायम गर्ने, सुरक्षाकर्मीहरुको मनोबल उच्च बनाउन तथा सुरक्षाकर्मीहरुको बसोबास, खाद्यान्न र स्वास्थ्य सुरक्षा उपकरणको समुचित प्रबन्ध मिलाउने र लकडाउनको अवधिमा हुनसक्ने सुरक्षा चुनौतिहरुलाई प्रभावकारीरुपमा

प्रमुख जिल्ला अधिकारी

समाधान गर्ने तर्फ सुदृढ तथा प्रभावकारी सुरक्षा व्यवस्थापन गर्ने । साथै कानुन विपरितको कार्य गर्ने जोकोहीलाई नियन्त्रणमा लिई कानुन बमोजिमको कारवाही गर्ने ।

३. सिराहा जिल्लामा कोभिड १९ को संक्रमण व्यवस्थापनको हालको अवस्था देहाय अनुरुप रहेको बैठकमा अवगत भयो ।

| जिल्ला सिरहा | सिमानाकामा चेकजाँच गरेको संख्या | फिर्ता गरेको संख्या | जिल्लामा रहेका क्वारेन्टाईन स्थलको संख्या | क्वारेन्टाईन वेड संख्या | क्वारेन्टाईन | | | क्वारेन्टाईनवाट फिर्ता गरेको संख्या | आईसोलेसन वेड संख्या | आईसोलेसन | | | आईसोलेसनवाट फिर्ता गरिएको संख्या | स्वाब संकलन गरिएका व्यक्तिको संख्या | स्वाब परिक्षण भएका व्यक्तिको संख्या | जम्मा संक्रमित | उपचार्थ | निको भएका | मृत्यु | PPE / PPE Gown को संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पु. | म. | ज. | | | पु. | म. | ज. | | | | | | | | | |
| | ७ | ० | २१ | १४३० | १३१ | २९ | १६० | ६९९० | २०५ | १०५ | २३ | १२८ | ३०४ | ७६६१ | ७३३३ | ४४० | १२८ | ३०४ | ८ | ३७२४ | |

४. **कोभिड १९ को संक्रमण समुदाय स्तरमा फैलिरहेकोलाई न्यून गर्न आवश्यक देखिएको हुँदा यहि २०७७ साल श्रावण ३२ गते देखि कायम रहेको निषेधाज्ञालाई सिरहा जिल्लाभरको लागि निरन्तरता दिदै आज २०७७ साल भाद्र १५ गते राति १२:०० बजेदेखि ऐ भाद्र २७ गते राती १२:०० बजेसम्मको लागि अत्यावश्यकीय सेवा र काम बाहेक देहायका काम गर्न नपाउने गरी स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ बमोजिम निषेधाज्ञा जारी रहेको । जारी निषेधज्ञाको पुर्णरुपमा कार्यान्वयनको लागि सबै सरोकारवाला पक्षहरुबाट सहयोग गर्न अनुरोध गर्ने ।**

**तपसिल :**

क. अत्यावश्यकीय काम नपरी बाहिर ननिस्कने । अति आवश्यक काम परेर बाहिर निस्कनु परेमा स्वास्थ्य तथा सुरक्षा मापदण्ड (मास्कको अनिवार्य प्रयोग गर्ने, साबनु पानीले बारम्बार हाथ धुने, स्यानिटाइजरको प्रयोग गर्ने) पालना गरेर मात्र बाहिर निस्कने ।

ख. कुनैपनि संस्था, निकाय वा व्यक्तिले **सार्वजनिक भेला, मेला लगाउने, भोज वा जमघटको आयोजना नगर्ने । धार्मिक स्थलहरुमा भेला तथा जमघट नगर्ने । आ-आफ्नो धार्मिक पर्वहरु घर भित्र नै मनाउने ।**

ग. **हाटबजार नलगाउने ।**

घ. सार्वजनिक सवारी साधनहरु नचलाउने ।

देहायका कामहरु स्वास्थ्य तथा सुरक्षा सम्बन्धी मापदण्ड र प्रोटोकल पालना गर्ने गरी तपशिल अनुरुपमात्र गर्ने गराउने :

क. अति आवश्यक खाद्यान्न, ग्याँस, तरकारी, फलफुल तथा मासु जस्ता सेवा प्रदान गर्ने पसलहरु विहान ५:०० बजेदेखि विहान ९:०० बजेसम्ममात्र संचालन गर्ने ।

ख. बैंक तथा वित्तिय संस्थाहरु विहान १०:०० बजेदेखि मध्यान्ह १:०० बजेसम्म मात्र संचालन गर्ने ।

ग. सरकारी सार्वजनिक तथा गैरसरकारी क्षेत्रका कार्यालयहरुले आन्तरिक कार्य सम्पादन गर्ने । त्यस्ता निकायका पदाधिकारी वा कर्मचारीहरुले सम्बन्धित निकायबाट जारी आधिकारीक परिचयपत्र देखाई विहान ९:०० बजे देखि १०:३० बजे सम्म र साँझ कार्यालय समयको आधा घण्टा पहिले र आधा घण्टा पछिसम्म आवत जावत गर्न पाइने ।

घ. उद्योग/कलकारखाना, कृषि क्षेत्रमा स्वास्थ्य र सुरक्षा सावधानी अपनाई उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयबाट जारी मापदण्ड एवंम प्रोटोकल पुरा गरी आफ्नो उद्योग परिसर भित्रै कार्य गर्ने ।

ङ. अस्पताल, औषधी पसल, एम्बुलेन्स, बारुणयन्त्र, विद्युत, दुरसञ्चार, इन्टरनेट सेवा, दुध तथा पानी ढुवानी एंवम तत्सम्बन्धी सेवा सुचारु रहने । साथै स्वास्थ्य कार्यालयबाट नियमितरुपमा संचालन हुने कार्यक्रमहरु जस्तै नियमित खोप कार्यक्रम, मातृ तथा शिशु स्वास्थ्य सेवा, परिवार नियोजन कार्यक्रमहरु ।

च. कोभिड १९ संक्रमित बाहेकका आकस्मिक विरामीलाई जुनसुकै सवारी साधनमा अस्पताल लैजान सकिने ।

छ. हरेक स्थानीय तहले VTM खरिद गरि स्वास्थ्य कार्यालय एवं सिरहा तथा लहान अस्पताल सँग समन्वय गरि संक्रमित व्यक्ति/समुदायको कोरोना संक्रमण सम्वन्धमा परीक्षणको दर र दायरा बढाउन अनुरोध गर्ने ।

ज. हरेक स्थानीय तहमा साविकमा हाटबजार लाग्ने दिनहरुमा अत्यावश्यकीय बाहेकका कुनैपनि पसलहरु नखोल्ने । अति आवश्यकीय पसलहरु बाहेकका विहान ८:०० बजे देखि विहान ११:०० बजेसम्म तपसिल शर्तहरु पालना गर्ने गरी मात्र संचालन गर्ने ।

**शर्तहरु :**

१. विक्रेताले अनिवार्यरुपमा मास्क, पञ्जा लगाएको हुनु पर्ने ।
२. बिक्री स्थलमा बिक्री गर्ने दुरी कम्तिमा २ मिटर कायम गरी आलोपालो गरी बिक्री गर्ने व्यवस्था भएको हुनु पर्ने ।
३. क्रेताले अनिवार्य रुपमा मास्क लगाएको भएमा मात्र खरिद बिक्री गर्ने स्थानमा प्रवेश गराउने ।
४. बिक्री स्थल अगाडि हाथ धुने साबुन पानी वा स्यानिटाइजरको व्यवस्था भएको हुनु पर्ने ।
५. यसका लागि संवद्ध उद्योग वाणिज्य संघ, व्यपारिक संस्था र स्थानीय तहहरुले अनुगमन गर्ने तथा सुरक्षा निकायले नियमन गर्ने ।

५. कोभिड १९ को संक्रमणबाट प्रभावित हुनेहरुको संख्या बढ्दो रुपमा रहेको हुनाले त्यस्तो शंकास्पद समुह तथा व्यक्तिहरुको पहिचान गरी समुदायस्तरमा परिक्षण गर्नको लागि VTM को अभाव हुन गएको साथै कोभिड १९ को संक्रमण समुदाय स्तरमा जान सक्ने संभावना देखिएकोले यस जिल्लाको लागि कम्तिमा पनि १५ हजार VTM आवश्यक पर्ने भनी विभिन्न समयमा सम्बन्धित निकायमा VTM मागको लागि लेखापढि गरिरहँदा पनि उपलब्ध हुन नसकेकोले हालको अवस्थामा यस जिल्लाको लागि आवश्यक VTM १५००० (पन्ध्र हजार) थान उपलब्ध गराई दिन प्रदेश सरकार र संघिय सरकारमा पुनः अनुरोध गर्ने ।

६. DCCMCको निर्णयानुसार शवको सदगत गर्ने स्थानको पहिचान गरी पठाउनको लागि लेखि पठाइएकोमा कर्जन्हा नगरपालिकाबाट मात्र लेखि आएकोमा यो स्थानमा पनि २०७७।०५।१६का दिन संक्रमितको शव सदगत गर्न विवाद खडा भै अन्यत्र व्यवस्थापन गर्नु परेको । अन्य स्थानीय तहहरुबाट शवको सदगत गर्ने स्थानको बारेमा आजसम्म पनि लेखि नआएकोले कोभिड १९ को संक्रमणबाट निधन हुने व्यक्तिहरुको लागि सदगत गर्ने स्थानको स्पष्ट पहिचान गरी सो स्थानको चार किल्ला समेत स्पष्ट गरी २ (दुइ) दिन भित्र पठाउनको लागि पालिकाहरुलाई अनुरोध गर्ने ।

७. कोभिड १९ को परिक्षणको दर तथा दायरा बढाउदै लैजाने क्रममा जिल्लाका स्थानीय तहका स्वास्थ्य शाखाहरुबाट कोभिड १९ को परिक्षणको लागि स्वाव संकलन कार्यमा (नेपाल सरकारबाट जारी भएको "National Testing Guidelines for COVID-19" Version 3, 2077/04/14 बमोजिम) प्राथमिकता कायम गरी गर्नको लागि १७ वटै स्थानीय तहहरुमा लेखि पठाइ प्राथमिकतासाथ स्वाव संकलन कार्य गर्ने गराउने ।

1. All symptomatic cases (Fever or cough or shortness of breath or Loss of Taste or Loss of Smell or Diarrhoea).
2. All contacts with confirmed cases.
3. All patients with severe acute respiratory illness (SARI).
4. All returnees (Ground crossing: at PoE; Air Route: at Quarentine within 5-7 days of arrival.)
5. All frontline healthcare workers or security persons and other frontline workers.
6. All individuals with history of travel to COVID 19 transmission areas during the last 14 days.
7. All ICU cases.
8. Any Individual with underlying chronic conditions, immunocompromised conditions, especially for individuals over than 60 years age.
9. Pre-operative cases based on clinical judgement (But for emergency procedures/surgery do not wait for report).
10. For discharge of moderate/severe/critical cases of COVID-19 based on clinicial judgement but test is not required for asympromatic/mild cases who have completed 14 days(at least 3 days without symptoms).

८. आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. २ जनकपुरधामको च.नं. ९६ मिति २०७७।०५।१४को पत्रबाट यस जिल्लाको जोखिमको दृष्टिले विश्लेषण गरी आपतकालिन प्रतिकार्य योजना, उद्दार सामाग्री र जोखिम न्यूनीकरणको लागि प्रदेश विपद पिडित उद्दार राहत कोषबाट उद्दार सामाग्री खरिद तथा जोखिम न्यूनिकरण शिर्षकमा रु १० लाख रकम प्राप्त भएको व्यहोरा बैठकमा अवगत भयो ।

मालपोत कार्यालय सिरहा र लहान, नापी कार्यालय सिरहा र लहान, र जिल्ला प्रशासन कार्यालयका लागि ५/५ वटा Fire Safety Extinguisher खरिद गरी जडान गर्ने ।

सिरहा जिल्ला भित्रको बन डढेलो नियन्त्रण गर्ने र अन्य आकस्मिक आगलागी नियन्त्रणको लागि Jet Shuiter थान 50 खरिद गरी सुरक्षा निकाय मार्फत प्रयोग गर्ने गरी व्यवस्थापन गर्ने ।

आगलागी नियन्त्रण तथा सडक अवरोध हटाउनको लागि देहायका उद्धार सामाग्री खरिद गरी सुरक्षा निकायहरुलाई उपलब्ध गराउने ।

- Chain Saw ३ थान

- Throw Bag ३० थान
- Life Buoy Ring २० थान
- Dynamic Rope २०० मिटर
- Fire Proof Jackets सहितकोसेट ५० सेट
- Fire Proof Guggles ५० सेट
- RCC Cutter १ सेट
- Normal Rope 5 Roll
- Tube 10 sets

कमला नदीको बसभिट्टा घाटमा सिरहा नगरपालिकाबाट ४२ थान Life Jacket व्यवस्थापन भैसकेको तर बाँकी अन्य २ घाट र पछि डुवानमा उद्धार गर्न समेतको लागि आवश्यक हुने १५० Life Jackets खरीद गरी जिल्ला प्रशासन कार्यालय मार्फत व्यवस्थापन गर्ने ।

यस जिल्ला भित्र बग्ने विभिन्न खोलाहरुले बाढीको समयमा बगाई ल्याएको Riverbed Materialहरुलाई हटाई खोलाको पानीलाई खोलाको आफ्नै बाटोबाट बग्ने वातावरण बनाउनको लागि सम्बन्धित स्थानीय तहहरुमा लेखि पठाउने ।

९. सबै स्थानीय तहमा उद्धार सामाग्री राख्न नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र नेपाल रेडक्रस सोसाइटी समेतबाट तालिमका लागि व्यवस्थापन गर्न सबै १७ वटा स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

१०. गत विगतमा कमला नदीमा आएको बाढीको कारणबाट हुन गएको क्षतीबाट पाठ सिकी आर्थिक वर्ष २०७६।०७७मा सो नदीबाट थप क्षती हुन नदिनको लागि विभिन्न प्रयासहरु भइरहेको सन्दर्भमा जिल्ला विपद व्यवस्थापन समितिको २०७७ साल जेष्ठ महिनमा बसेको बैठकबाट निर्णय भएअनुसार कमला नदी नियन्त्रण आयोजनाबाट विगतमा भएको क्षतीलाई तत्काल मर्मत संभार थप क्षति हुन नदिने गरी कार्य गर्न भनिएकोमा सोही अनुसार कमला नदी नियन्त्रण आयोजनाबाट कार्य हुदै आएको र सिरहा नगरपालिका अर्न्तगतको बसभिट्टा क्षेत्रमा रहेका कमला पुल मुनी बाट कमला नदी नियन्त्रण आयोजनाले करिब ७५० मिटर कमला नदीलाई Chanelling गरी कमला नदीको पानि बसभिट्टा क्षेत्रबाट सारी पुल मुनीबाट वग्ने गरी बनाइएको । यसका साथै सो कमला नदी नियन्त्रण आयोजनाबाट सिरहा जिल्लाको लागि हुन सक्ने संभावित क्षतीलाई न्यूनीकरण गर्नको लागि करिब १५ हजार थान बोरा र १० थान ग्याविन जाली श्री शेर गण चोहर्वा अन्तर्गतको बन्दीपुर गुल्मलाई उपलब्ध गराएकोमा १० हजार थान बोरा कमला नदीको दाँया किनारको निर्दनाको कटान नियन्त्रण गर्न प्रयोग भएको ।

११. नदी जन्य खानीजन्य पदार्थ नियमन गर्ने जिल्ला अनुगमन समितिको मिति २०७७।०४।०८ को बैठकका निर्णयहरुको कार्यान्वयन सम्वन्धमा छलफल भयो ।

जिल्ला अनुगमन समिति (नदीजन्य खानीजन्य पदार्थ) को आजै २०७७।०५।१७ को निर्णय अनुसार कर्जन्हा न.पा.को वडा नं. १ उत्तरायण र सो देखि दक्षिण तर्फको नदी किनारबाट ढुङ्गा निकाली बनक्षेत्रको जग्गामा लगि अबैध रुपमा भण्डारण गरेका तथा डिभिजन बन कार्यालय, सिरहा- लहानको २०७७।०४।३२ च.नं. ३८ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, सिरहालाई सम्वोधन गरी सोही विषयमा उल्लेखित अबैध रुपमा उत्खननगरी बनक्षेत्रको जमिनमा लुकाई थुपारिएको ४५६७०.४४ घन फिट ढुङ्गा जफतगरी आजैका मितिबाट कर्जन्हा न.पा. को जिम्मा मा लगाउने ।

कर्जन्हा न.पा. कार्यालयले सो ढुङ्गा आम्दानी बाँधी सोही स्थानमा कमला नदीको बाँध बनाउने कार्यमा वा सिरहा जिल्ला भित्रका विकास निर्माण कार्यमा रोयल्टी/शुल्कलिई कमला नदी नियन्त्रण आयोजना वा अन्य सरकारी निकायको सिफारिसमा सम्वन्धित उपभोक्ता समिति वा निर्माण व्यवशायीलाई उपलव्ध गराउने त्यसरी प्राप्त हुने ढुङ्गाको खरिद मुल्य नलागी रोयल्टी/शुल्क मात्र लाग्ने हुँदा त्यस्तो ढुङ्गा प्रयोग हुने विन्दु/स्थानको लागत अनुमानमा "खरिद मुल्य" कटाउन कर्जन्हा न.पा. कार्यालयले परिमाण खुलाई ढुङ्गा लैजान इजाजत दिदा नै आयोजना/कार्यालयलाई जानकारी दिई जिल्ला समन्वय समितिको कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय,सशस्त्र प्रहरी बल गण र डिभिजन बन कार्यालय समेतमा बोधार्थ दिनु पर्ने ब्यहोरा वैठकमा अवगत भयो।

१३. सिरहा जिल्ला भएर बहने नदी, खोला, खहरेहरु तथा सिचाँइकोलागि उपलब्ध हुने नहरहरुको व्यवस्थापन तथा नियन्त्रण सम्बन्धी कार्यमा सम्बन्धित निकायहरुबाट गतविगतमा आएको प्राकृतिक प्रकोपबाट भएको क्षति तथा विकास कार्यक्रमहरुको गत आर्थिक वर्षमा भए गरेको प्रगती के कस्तो अवस्थामा रहेको छ । साथै यस आर्थिक वर्षमा ति प्रकोप नियन्त्रणको लागि के कस्ता कार्यक्रमहरु रहेको छन् तिनको विवरणहरु जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराइ अर्को बैठकमा पेश गर्ने ।

१४. आइसोलेशन वार्डमा रहेको कोभिड १९ को पोजेटिभ/शंकास्पद केशहरुको लागि प्रतिदिन/प्रतिव्यक्ति देहाय बमोजिमको तयारी खाना Silver Foilमा प्याकिंग गरी उपलब्ध गराउने कार्य सिरहा अस्पतालबाट हुने निर्णय गरियो। आइसोलेशन वार्डमा रहेका विरामीहरुलाई खानाको व्यवस्था गर्नको लागि सार्वजनिक खरिदको प्रकृया पुरा गर्दा समय लाग्ने भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ६६ र नियमावली २०६४ को नियम १४५ अनुसारको आपतकालिन प्रकृया पुरा गरी व्यवस्था गर्ने। यसकार्यको लागि सिरहा अस्पतालमा बजेट अभाव हुने आवस्था भएमा प्रदेश सरकारसँग सिरहा अस्पतालले माग गर्ने र माग तथा बजेट प्राप्तिको जानकारी जिल्लस्तरिय CCMCलाई गराउने।

आइसोलेसन वार्डमा मा रहेका **COVID Positive** लाई प्रति दिन प्रति व्यक्ति खुवाउने खानाको अधिकतम मुल्य रु ५६५ (अक्षरमा पाँचसय पैसट्ठी) **VAT** बाहेक सहितको विवरण :

ब्रेक फास्ट (०७:०८:३० बजे सम्म)

- ❖ उसिनेको अण्डा -१ गोटा — दुध-२०० मि.लि.
- ❖ तरकारी-१ कचौरा (चना, केराउ, आलु, प्याज) — स्याउ-१ गोटा

बिहानको खाना (११:००-१२:३० बजे सम्म)

- ❖ सादा भात (जिरा मसिनु चामल) — दाल
- ❖ हरियो तरकारी (सिजन अनुसार) — सलाद (काक्रा/गजार/मुला/प्याज)
- ❖ अचार — पापड/आलु भुजिया

नोटः

१. मङ्गलवार र शुक्रबार (पनिर र मटरको तरकारी खुवाउने)
२. आईतवार र बुधवार (कुखुराको मासु १ प्लेट खुवाउने)
३. साकाहारीको हकमा मासुको सट्टा पनिर र अण्डाको सट्टा स्याउ १ गोटा उपलव्ध गराउने ।

दिउसो खाजा :

- चिया-१ कप
- चिउरा, छोला वा विस्कुट

बेलुकाको खाना (१९:३०-२१:०० बजे सम्म)

- रोटी/ सादा भात — फ्राईड दाल
- तरकारी (सिजन अनुसार) — सलाद (काक्रा/मुला/गाजर/प्याज)
- अचार

नोट :

१. तिन वटै खाना/ब्रेकफास्ट, सिल्भर/फोयल पेपर प्याकिङ्ग डिब्बामा Packging गरी उपलब्ध गराउनु पर्ने छ ।
२. दैनिक प्रति व्यक्ति १ गोटा कागती ४ टुक्रा पारी उपलब्ध गराउनु पर्ने छ ।
३. पानी प्रति व्यक्ति ५ लिटर

आईसोलेसन व्यवस्थापन अनुगमन समिति

१. समन्वय उप - प्रमुख, जिल्ला समन्वय समिति, सिरहा, संयोजक
२. सहायक प्र.जि.अ., सदस्य
३. सेनानी , शेर गण, सदस्य
४. प्रहरी नायव उपरीक्षक, जिल्ला प्रहरी कार्यालय,सिरहा सदस्य
५. सशस्त्र प्रहरी नायव उपरीक्षक, सशस्त्र प्रहरी बल गण नं. ७, सदस्य
६. चिकित्सक, सिरहा अस्पताल
७. सभापति, नेपाल रेडक्रस सोसाइटी, सदस्य
८. प्रतिनिधी, नेपाल पत्रकार महासंघ, सदस्य
९. प्रतिनिधी,नेपाल उद्योग बाणिज्य संघ सिरहा, सदस्य

खाना तथा बासस्थानको गुनासोको लागि एक जना Focal Person तोक्ने, गुनासो प्राप्त भएमा अनुगमन समितिवाट अनुगमन गर्ने व्यवस्था हुनेछ ।

१५. सिरहा कारागारमा हाल ज्वरोको विरामीहरु बढेको भनी जेलरबाट जानकारी प्राप्त भएकोले सिरहा अस्पतालबाट तुरुन्त स्वास्थ्य परिक्षणको व्यवस्था गर्ने। साथै आधारभुत औषधि उपलब्ध गराउने।

१६. स्वास्थ्य कार्यालय सिरहा मातहत हाल स्वास्थ्य परिक्षण गर्नको लागि २ वटा डेडिकेटेड स्वास्थ्य टिम रहेकोमा २ वटा टिमले कार्य गर्न नसकिने भएको हुँदा थप १ वटा डेडिकेटेड स्वास्थय परिक्षण टिम परिचालन गर्ने। यसका लागि आवश्यक जनशक्ति स्वास्थ्य कार्यालय, सिरहाले जिल्ला स्थित स्वास्थय निकायबाट माग गरी परिचालन गर्ने। यसका लागि खटिने जनशक्तिले दरवन्दी रहेकै कार्यालयबाट नै तलब र जोखिम भत्ता प्राप्त गर्ने र दैनिक भ्रमण भत्ता स्वाव संकलन हुने स्थानीय तहले उपलब्ध गराउने।

प्रमुख जिल्ला अधिकारी